# नेपाल प्रशासन सेवा, लेखा समूह, नायब सुब्बा वा सो सरह (अप्राविधिक) पदको द्वितीय चरणको लिखित परीक्षाको परीक्षा केन्द्र कायम गरिएको सूचना ।

**सूचना नं. ११३/०८१-८२ , मिति २०८२/०३/१५**

लोक सेवा आयोग, काठमाडौं कार्यालय, अनामनगरको **विज्ञापन नं. ११९०१/०८१-८२ (खुला),** नेपाल प्रशासन सेवा, लेखा समूह, रा.प.अनं. प्रथम श्रेणी (अप्राविधिक) नायब सुब्बा वा सो सरह पदको परीक्षा केन्द्र **हेटौंडा** राखी प्रथम चरणको परीक्षा उत्तीर्ण भएका सम्पूर्ण उम्मेदवारहरूको द्वितीय चरणको प्रतियोगितात्मक लिखित परीक्षा पूर्व प्रकाशित कार्यक्रम अनुसार निम्न मिति, समय र स्थानमा निम्नानुसारको परीक्षा भवनमा सञ्चालन हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**साथै सहयोगी लेखक आवश्यक पर्ने उम्मेदवारहरूले सहयोगी लेखक माग गर्नु पर्ने कारण र प्रमाण सहितका कागजात संलग्न राखी लोक सेवा आयोग नियमावली, २०७९ को नियम ६८(१) बमोजिम परीक्षा शुरु हुने मिति भन्दा १०(दश) दिन अगावै यस कार्यालयमा निवेदन दिनु पर्नेछ ।** परीक्षार्थीहरूले अनिवार्य रुपमा पालना गर्नुपर्ने विषयहरू द्रष्टव्य मा तल उल्लेख गरिएको छ ।

## परीक्षा कार्यक्रम

| क्र.सं. | पत्र | विषय | परीक्षा मिति र समय | समय अवधि |
|---|---|---|---|---|
| १ | द्वितीय पत्र | समसामयिक अध्ययन र सार्वजनिक सेवा व्यवस्थापन | २०८२/०४/०९, दिनको २:०० बजे | २ घण्टा ३० मिनेट |
| २ | तृतीय पत्र | सेवा, समूह सम्बन्धी | २०८२/०४/१०, दिनको २:०० बजे | २ घण्टा ३० मिनेट |

## परीक्षा भवन

| क्र.सं. | उम्मेदवारहरुको रोल नं. | परीक्षार्थी संख्या | परीक्षा भवन |
|---|---|---|---|
| १ | परीक्षा केन्द्र हेटौंडा राखी प्रथम चरणको परीक्षा उत्तीर्ण भएका सम्पूर्ण उम्मेदवारहरू । | | श्री लोक सेवा आयोग, हेटौंडा कार्यालय, परीक्षा भवन । |

**द्रष्टव्य :**

क) परीक्षा सञ्चालन हुने दिन अप्रत्याशित विदा पर्न गएमा आयोगको पूर्व सूचना विना निर्धारित कार्यक्रम अनुसारको परीक्षा स्थगित हुने छैन ।

ख) प्रवेश-पत्र बिना कुनै पनि उम्मेदवारलाई परीक्षामा सम्मिलित गराईने छैन । साथै परीक्षार्थीले परीक्षामा सहभागी हुन आउँदा नेपाली नागरिकताको प्रमाणपत्र वा सरकारी कार्यालयवाट जारी भएको फोटो सहितको कुनै एक सक्कलै प्रमाणपत्र लिई उपस्थित हुनुपर्नेछ ।

ग) परीक्षा शुरु हुनु भन्दा १ घण्टा अगाडी परीक्षा केन्द्रमा आईपुग्नु पर्नेछ ।

घ) परीक्षा भवनमा मोबाईल तथा बिद्युतीय सामाग्री निषेध गरिएको छ ।

ङ) परीक्षामा **कालो मसी** मात्र प्रयोग गर्नुपर्नेछ । साथै उत्तरपुस्तिकामा सिसाकलम प्रयोग गर्न पाइने छैन ।

च) तोकिएको परीक्षा केन्द्र बाहेक अन्य परीक्षा केन्द्रमा सहभागी गराईने छैन ।

| | | |
|---|---|---|
| ........................... | ........................... | ........................... |
| (सुरेश साह) | (बद्रीनाथ सापकोटा) | (केशव शर्मा) |
| कम्प्युटर अपरेटर | शाखा अधिकृत | उप सचिव |